नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

## नवप्रवर्तन शुरुवाती पूँजी अनुदान प्रदान गर्न प्रस्ताव आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०१/२९

नवप्रवर्तन शुरुवाती पूँजी अनुदान सम्बन्धी कार्यविधि, २०७६ तथा नवप्रवर्तन शुरुवाती पूँजी अनुदान सम्बन्धी मापदण्ड २०७७ मा व्यवस्था भएबमोजिम नवीनतम ज्ञान, सीप र क्षमता भएका आविश्कारकर्ता, उद्यमी, व्यवसायी व्यक्ति वा संस्थालाई त्यस्तो उद्यम तथा व्यवसाय संचालन गर्नका लागि शुरुवाती पूँजीको रुपमा अनुदान उपलब्ध गराउने कार्यविधि तथा मापदण्डमा उल्लेखित ढाँचामा प्रस्ताव तयार गरी तोकिएका कागजातहरु संलग्न गरी यो सूचना जारी भएको मितिले ३० दिनभित्र अनलाईनमार्फत राष्ट्रिय योजना आयोगमा पठाउनुहुन सम्बन्धित सबैलाई यो सूचना जारी गरिएको छ। नवप्रवर्तनीय कार्यको प्रस्ताव सम्बन्धी शर्त तथा अन्य आवश्यक कागजात र विवरणको जानकारीको लागि तल उल्लेखित वेवसाइट मा गई, कार्यविधि र मापदण्ड डाउनलोड समेत गर्न सकिनेछ। यस सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा राष्ट्रिय योजना आयोगको टेलिफोन नं. ०१-४२११४२ वा ०१-४२११८०७ वा ०१-४२११८३४ मा र इमेल मार्फत startup@npc.gov.np मा सम्पर्क गर्न सकिनेछ।

नवप्रवर्तन शुरुवाती पूँजी अनुदानको लागि प्रस्ताव पेश गर्न अनलाईन प्रणालीमा रजिष्टर, लग-इन र अपलोड गर्ने प्रक्रिया।

- startup.npc.gov.np मा गई रजिष्टर गरि युजरनेम र पासवर्ड बनाउनुहोस,
- इमेलमा आएको लिंकमा क्लिक गरि युजरनेम र पासवर्ड एक्टिभ गर्नुहोस र
- startup.npc.gov.np मा लगईन गरि आवेदन फारम भरेर पेश गर्नुहोस।

श्री वि.प्र.शाखा र श्री प्रविधि शाखा कार्यालयको website मा राखिदिन।
२०७७/१/३०